

काम नलाउने ज्ञान

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

जि.प्र.का.झापा द.नं.६९। ०५७।०२८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५ / ९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २७४ ❑ २०८३ कात्तिक १६ गते सोमबार ❑ Monday, 2 Nov. 2026 ❑ मूल्य ७ /-

गाँजा खेती खुला गर्न सर्वोच्चको परमादेश

पूर्वसन्देश समाचार



दमक/ लामो समयदेखि नेपालमा गाँजा खेती गर्न पाउनुपर्ने विषय सदनमा बहस चलिरहेका बेला सर्वोच्च अदालतले नेपालमा गाँजा खेतीलाई नियमन र अनुमतिका आधारमा कानुनी मान्यता दिने बाटो खोलिदिएको छ ।

गाँजालाई औषधीय, वैज्ञानिक अनुसन्धान तथा औद्योगिक प्रयोजनका लागि गाँजाको खेती, उत्पादन, प्रशोधन र बिक्री वितरण गर्न आवश्यक कानुनी व्यवस्था गर्न सरकारका नाममा सर्वोच्च अदालतले परमादेश जारी गरेको हो ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले गाँजालाई पूर्ण प्रतिबन्धको दृष्टिकोणबाट मात्र नहेरी नियमन र नियन्त्रणको दायरामित्र राखेर यसको औषधीय तथा औद्योगिक उपयोग गर्न सकिने ठहर गरेको हो ।

फैसलाको पूर्णपाठअनुसार सरकारले तीन महिनामित्र लागू औषध (नियन्त्रण) ऐन, २०३३ को मर्म र अन्तर्राष्ट्रिय महासन्धिको व्यवस्थासमेत प्रतिकूल नहुने गरी गाँजाको नियन्त्रित खेती तथा उत्पादनको व्यवस्था मिलाउन नियमावली, मापदण्ड र कार्यविधि बनाउनुपर्नेछ ।

यसअन्तर्गत व्यावसायिक खेती, उत्पादन, प्रशोधन, भण्डारण, प्रयोग, बिक्री वितरण र निकासी पैठारीका लागि इजाजतपत्र वा अनुमतिपत्र दिने व्यवस्था गर्न अदालतले आदेश दिएको छ ।

फैसलाले गाँजाको खेतीलाई नियमनसहित खुला गर्न सकिने कानुनी आधार औंल्याएको छ । विशेषगरी नेपालको पश्चिम पहाडी क्षेत्रमा प्राकृतिक रूपमा उम्रिने जङ्गली गाँजाबाट चरेस उत्पादन तथा बिक्रीवितरण हुने गरेको अवस्थालाई व्यवस्थित गर्नसमेत सरकारले कानुनी प्रबन्ध गर्न सक्ने अदालतको ठहर छ ।

सर्वोच्चको फैसलाले गाँजाको मनोरञ्जनात्मक प्रयोगलाई भने स्वतः वैधानिकता दिएको छैन । अदालतले लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले मनोरञ्जनात्मक प्रयोगलाई स्पष्ट

बाँकी ४ पेजमा ▸▸

औषधीय तथा औद्योगिक उपयोग गर्न पाइने

गाँजाको वैधानिकतासम्बन्धी अध्ययनका लागि नीति अनुसन्धान प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषदले 'नेपालमा गाँजा खेतीको वैधानिकीकरण: सम्भावना र चुनौती' विषयमा अध्ययन गरेका थिए ।

अदालतले उक्त अध्ययनमा औषधीय तथा औद्योगिक उपयोगका सम्भावना औंल्याउँदै नियन्त्रित खेतीको कानुनी व्यवस्था गर्न सिफारिस गरिएको पक्षलाई पनि आधार मानेको छ ।

अदालतले सरकारले अध्ययन र अनुसन्धान गराउने तर त्यसका निष्कर्षअनुसार आवश्यक कानुनी तथा प्रशासनिक व्यवस्था नगर्ने प्रवृत्तिप्रति प्रश्न उठाएको छ । गाँजाको औषधीय उपयोग र औद्योगिक सम्भावनाबाट लाभ लिन आवश्यक नियमन तथा नियन्त्रण संयन्त्र बनाउनुपर्ने राज्यको दायित्व रहेको फैसलामा उल्लेख छ ।

गाँजाको अनियन्त्रित प्रयोगबाट स्वास्थ्य तथा सामाजिक समस्या उत्पन्न हुन सक्ने जोखिमलाई पनि अदालतले बेवास्ता गरेको छैन । त्यसैले खेती र उत्पादन खुला गर्दा कडा नियमन, निगरानी, इजाजतपत्र र दुरुपयोग रोक्ने व्यवस्था आवश्यक हुने फैसलाको निष्कर्ष छ ।

कोशी प्रदेश प्रमुख पर्शुराम खापुङको कार्यभार सकिँदै



दमक/ कोशी प्रदेश प्रमुख पर्शुराम खापुङको कार्यकाल सकिएको छ । उनी अब प्रदेश प्रमुखबाट विदा हुँदैछन् । विसं २०७८ कात्तिक २५ गते कार्यभार सम्हाला प्रदेश प्रमुख खापुङ यही कात्तिक २४ गते पाँचवर्षे कार्यकाल पूरा गरी विदा हुँदैछन् ।

यसै सन्दर्भमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश प्रमुख पर्शुराम खापुङसँग बिदाइ भेटघाट गरेका छन् । बिदाइ भेटघाटमा मुख्यमन्त्री कार्कीले प्रदेशको विकास र समृद्धिमा उनले पुऱ्याएको योगदानप्रति धन्यवाद ज्ञापन गरे । भेटमा प्रदेशको विकास र विविध पक्षमा कुराकानीसमेत भएको मुख्यमन्त्री कार्कीको प्रेस सल्लाहकार विक्रम लुईटेलले जानकारी दिए ।

मुख्यमन्त्री कार्कीले प्रदेशमा सीमित स्रोतसाधनकाबीच विकास र स्थिरतालाई अगाडि बढाउने प्रयत्न भइरहेको जानकारी दिँदै सङ्घीयतापछि पाँचवर्षे कार्यकाल पूरा गरेर विदा हुन लागेका प्रदेश प्रमुख खापुङप्रति हार्दिक आभार व्यक्त गरे । मुख्यमन्त्रीले अभिभावकत्व प्रदान गर्दै संवैधानिक तथा कानुनी व्यवस्थालाई सुव्यवस्थित बनाउन प्रदेश प्रमुख खापुङले खेल्नुभएको भूमिका स्मरणीय रहने बताए ।

भेटघाटमा प्रदेश प्रमुख खापुङले आफ्नो कार्यकालमा प्रदेश सरकारले गरेको सहयोग र सहकार्यप्रति धन्यवाद ज्ञापन गरेका थिए । संवैधानिक व्यवस्थाअनुसार प्रदेश प्रमुखको कार्यकाल पाँच वर्षको हुन्छ । एउटा प्रदेशमा पाँच वर्ष बिताएपछि त्यही प्रदेशमा पुनः प्रदेश प्रमुख रहन नपाइने संवैधानिक व्यवस्था छ ।

झापामा कांग्रेसको पद हस्तान्तरण

दमक/ नेपाली कांग्रेसका अग्रज नेताहरुले पार्टीका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलालाई पार्टीको मूल धारमा फर्किएर अभिभावकत्व प्रदान गर्न आह्वान गरेका छन् ।

नेपाली कांग्रेस झापा क्षेत्र नं-२, प्रदेशसभा क र ख को वितार्मोडमा आयोजित संयुक्त पद हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेस पूर्व केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी, कोशी प्रदेश सभापति उद्धव थापा लगायतका नेताहरुले यस्तो आह्वान गरेका हुन् । जेन जी विद्रोह र त्यसपछि सिर्जित राजनीतिक परिवेशका आधारमा पार्टी संगठनहरु स्वभाविक रुपमा युवाको नेतृत्व जानथालेको चर्चा गर्दै उनीहरुले अब पुरानो पुस्ताबाट मात्रै पार्टी सञ्चालन हुन नसक्ने जनमत देखिएकाले पार्टीको मूलधारमा फर्किन आग्रह गरेका हुन् ।

माओवादीलाई शान्ति वार्तामा ल्याउन र पार्टी संगठन निर्माणमा सिटौलाको योगदान महत्वपूर्ण रहेको बताउँदै संविधान सभाका सदस्य समेत रहनुभएका नेता शिवाकोटीले भने-'५२ वर्षसम्म उनीसँग काम गरियो, एउटै असहमति भएन, जब विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आयो पुरानाले पार्टी हाक्न सक्ने र जनमत थेग्ने अवस्था देखिएन ।

नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापाले आफूलाई अग्रजहरुले रुख, चारतारे झण्डा र सानेपा कांग्रेसमा ल्याएको चर्चा गर्दै भने-'म यही छु, ज-जसले छोड्नुभएको छ, यतै फर्कनुस् र हामीलाई अभिभावकत्व प्रदान गर्नुस् ।'

एउटै झण्डा, एउटै चुनाव चिन्ह र एउटै नाममा दुईवटा पार्टीको अभिलेख नरहने उल्लेख गर्दै सभापति थापाले सर्वोच्च अदालतले दिएको निर्देशनकै आधारमा १५ औं महाधिवेशन भएको उल्लेख गरेका छन् । गगन थापा नेतृत्वको कांग्रेसले महाधिवेशन सकेर निर्वाचन आयोगमा अभिलेख अध्यावधिक गराइसकेको स्पष्ट पार्दै उहाँले अब हुने महाधिवेशनको अभिलेख आयोगमा अध्यावधिक नहुने धारणा राखे ।

बाँकी ४ पेजमा ▸▸

भूमिमन्त्री रावल झापा आउँदै

दमक/ भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल झापाको भूमि समस्या बुझ्न कात्तिक १६ गते झापा आउने भएकी छन् । मन्त्री रावलले जिल्ला भूमि समस्या समाधान समितिका पदाधिकारी तथा सहकारीपीडितहरुसँग छलफल गर्ने कार्यक्रम रहेको छ । साथै, स्थानीय नागरिकसँग अन्तरक्रिया गरी भूमिहीन तथा सुकुम्बासीका समस्या, सहकारीपीडितका गुनासा र भूमि व्यवस्थापनसँग सम्बन्धित विषयमा छलफल गर्नेछिन् । अन्तरक्रियाका क्रममा मन्त्रालयबाट हालसम्म भएका काम, समस्या समाधानका लागि अघि बढाइएका प्रयास, आगामी योजना तथा नागरिकका गुनासाको सम्बोधनका उपायबारे समेत जानकारी आदानप्रदान गरिने जनाइएको छ ।

कोशीमा एकवर्षमा थपियो ३०६ मेगावाट बिजुली

दमक/ कोशी प्रदेश ऊर्जा क्षेत्रमा देशकै प्रमुख केन्द्रका रूपमा अघि बढिरहेको पाइएको छ । नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयले सार्वजनिक गरेको पछिल्लो वार्षिक 'प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन' अनुसार आर्थिक वर्ष २०८२/०८३ को असार मसान्तसम्मा कोशी प्रदेशका विभिन्न जिल्लामा निर्माण सम्पन्न भएका ६४ वटा जलविद्युत् आयोजनाको कुल उत्पादन क्षमता ९७७.२ मेगावाट पुगेको छ । यसका अतिरिक्त मोरङ जिल्लामा ६.८ मेगावाटको ग्रिड कनेक्टेड सोलार आयोजना र झापा जिल्लामा झापा इनर्जी लिमिटेडबाट उत्पादित १० मेगावाट क्षमताको सौर्य विद्युत्समेत गरी प्रदेशको कुल विद्युत् उत्पादन क्षमता ९९४.० मेगावाट पुगेको छ ।

अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा प्रदेशमा सञ्चालित विद्युत् आयोजनाहरुको कुल उत्पादन क्षमता ७८६.७ मेगावाट मात्र थियो । समीक्षा वर्षमा मात्रै कोशी प्रदेशमा सात वटा नयाँ जलविद्युत् आयोजना निर्माण सम्पन्न भई कुल २०६.२ मेगावाट बिजुली प्रणालीमा थपिएको छ ।

बाँकी ४ पेजमा ▸▸

पत्रकार धरपकडविरुद्ध संसदीय छानबिनको माग

दमक/ पहरीले पत्रकार पक्राउ गरेको घटना तथा त्यसपछि राज्य संयन्त्रबाट भइरहेको गैरजिम्मेवार अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाउँदै 'नेपाल जेन-जी फ्रन्ट' ले संसदीय छानबिन समिति गठन गर्न माग गरेको छ ।

संयोजक रक्षा बमद्वारा जारी विज्ञप्तिमा समाचारको स्रोत पत्ता लगाउने बहानामा न्युजरुममै प्रहरी पस्नु अभिव्यक्ति स्वतन्त्रता, लोकतन्त्र र संविधानमाथिको ठाडो प्रहार भएको ठहर गरिएको छ । यो कदम अभिव्यक्ति स्वतन्त्रताका पक्षमा भएको जेन-जी विद्रोहको जनादेशविरुद्ध भएको फ्रन्टको ठहर छ ।

विज्ञप्तिमा पत्रकार पक्राउको विषयमा प्रधानमन्त्री सचिवालय, गृह मन्त्रालय र प्रहरी प्रशासनबीच एकअर्कामाथि दोष थोपर्ने 'ब्लेम गेम' चलिरहेको टिप्पणी गरिएको छ ।

'प्रधानमन्त्री सचिवालयले गैरजिम्मेवार रूपमा अनभिज्ञता प्रकट गरेको छ, गृह मन्त्रालयले विवरण थाहा नभएको भन्दै टारेको छ र प्रहरी प्रशासनले त पक्राउ नै अस्वीकार गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'राज्यका जिम्मेवार अङ्गहरू पन्छिँदै चर्को स्वरमा कसैलाई पक्राउ गरिएको छैन भन्दै पक्राउको आदेश कसले र कुन कानुनी आधारमा दियो भन्ने प्रश्नको उत्तर दिनबाट भागिरहेका छन् ।'

बाँकी ४ पेजमा ▸▸

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने, बाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयतालै यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडुंगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

सम्पादकीय

स्वदेशी फूलको प्रयोग गरौं

झापा जिल्ला प्रशासन कार्यालयमार्फत्त किसानले आयातित फूलमालामा प्रतिवन्ध लगाउन माग गरेका छन् । तिहारको समयमा नेपाली बजारमा लाखौंको संख्यामा बाहिरबाट आयात गरिएका प्लास्टिकका कृत्रिम माला तथा रासायनिक विषादी प्रयोग गरिएका विदेशी फूलमालाहरु ह्रयापछ्रयाप्ति भित्रिनु गम्भीर चिन्ताको विषय बनेको छ । तसर्थ, तिहारमा पूर्ण रूपमा स्थानीय उत्पादनको फूललाई मात्र प्राथमिकता दिनुपर्छ र बाहिरको आयातित तथा कृत्रिम फूलमालामाथि कडा प्रतिवन्ध वा बन्देज लगाउनु आजको अपरिहार्य आवश्यकता हो ।

नेपाल कृषिप्रधान देश हो र यहाँका हावापानी फूलखेतीका लागि अत्यन्तै उर्वर छन्। देशका विभिन्न जिल्लाहरुमा कृषकहरुले वर्षभरि गरेको मिहिनेत र लगानीको प्रतिफल पाउने वेला नै तिहार हो । काठमाडौं उपत्यकाका आसपासका जिल्लाहरु जस्तै धादिङ, नुवाकोट, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर लगायत देशका विभिन्न भागमा व्यावसायिक पुष्पखेती विस्तार हुँदै गएको छ । यहाँका किसानहरुले नेपाललाई फूलमा आत्मनिर्भर बनाउन अथक प्रयास गरिरहेका छन् ।

उनीहरुले उत्पादन गरेका सयपत्री र मखमली फूलले बजारको माग धान्न सक्ने क्षमता राख्दै आएका छन् । तर विडम्बना, बजारमा सहजै र सस्तोमा उपलब्ध हुने नाममा बाहिरी मुलुक विशेष गरी भारतबाट अवैध तथा खुला सीमानाको फाड्दा उठाउँदै अस्वस्थ प्रतिस्पर्धामा फूलहरु भित्रिने गरेका छन्। यसरी आयातित फूलले बजार ओगट्दा स्वदेशी किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य नपाउने मात्र होइन, लागत उठ्न नसाएर सडकमा फूल फ्याँक्नुपर्ने बाध्यता सिर्जना हुन्छ। यो नेपाली कृषकमाथिको ठाडो अन्याय हो र यसले उनीहरुलाई कृषि कर्मबाटै पलायन हुने अवस्थामा पुर्याएको छ ।

आयातित फूलमाला र प्लास्टिकका कृत्रिम मालाहरुको प्रयोगले हाम्रो सांस्कृतिक मौलिकता मात्र होइन, स्वास्थ्य र पर्यावरणमाथि पनि गम्भीर असर पुर्याएको छ । तिहारमा प्रयोग हुने कृत्रिम प्लास्टिकका मालाहरु एक पटक प्रयोग गरेपछि नष्ट हुँदैनन् । यसले वातावरणमा दीर्घकालीन प्रदूषण बढाउँछ, जसले माटोको उर्वरशक्ति घटाउनुका साथै फोहोरमैला व्यवस्थापनमा समेत ठूलो चुनौती थप्छ । अर्कोतर्फ, बाहिरबाट ल्याइने ताजा फूलहरुमा प्रयोग हुने अत्यधिक विषादी र रसायनले उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । यसको विपरीत, नेपालको माटोमा फुलेका जैविक फूलहरु पर्यावरणमैत्री हुन्छन् । स्थानीय फूलहरुको सुगन्ध, रङ र प्राकृतिकपनले हाम्रो परम्परागत संस्कृतिलाई जीवन्त राख्न मद्दत गर्दछ । संस्कृतिलाई बचाउन र प्रकृतिलाई जोगाउन पनि आयातित कृत्रिम वस्तुको साटो स्वदेशी माटोमा फुलेको फूल प्रयोग गर्नु बुद्धिमानी हुन्छ ।

सरकारले पुष्प व्यवसायी र किसानहरुको हितलाई ध्यानमा राख्दै नीतिगत रुपमै आयातित फूलमालाको नियमन र नियन्त्रण गर्नुपर्छ । भन्सार नाकाहरुमा कढाइ गरेर तिहारको समयमा हुने अवैध आयातलाई पूर्ण रुपमा रोक लगाउनु पर्दछ ।

स्थानीय उत्पादनको प्रवर्द्धनका लागि तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय तह) ले ठोस योजना ल्याउनु पर्छ । किसानहरुलाई विउविजन, मलखाद, र चिस्यान केन्द्र (कोल्ड स्टोर) को उचित व्यवस्था गरिदिनु आवश्यक छ ताकि फूल सडेर खेर नजाओस् । साथै, उपभोक्ताहरुमा पनि सचेतना जगाउनु उत्तिकै जरूरी छ ।

समयचक्र

काम नलाग्ने ज्ञान



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

अचेल ज्ञान बाँडनेहरुको जुलुश छ । जहाँ पनि यस्ता 'ज्ञानका पोका' भएका मान्छेहरु भेटिन्छन् । ती यति धेरै 'ज्ञान' भएका छन् कि तिनको ज्ञान अमापकीय छ । ती जेमा पनि ज्ञान बाँड्छन् ।

अचेल ज्ञान बाँडनेहरुको जुलुश छ । जहाँ पनि यस्ता 'ज्ञानका पोका' भएका मान्छेहरु भेटिन्छन् । ती यति धेरै 'ज्ञान' भएका छन् कि तिनको ज्ञान अमापकीय छ । ती जेमा पनि ज्ञान बाँड्छन् । म देख्छु तिनलाई । ती फेसबुकमा छिनछिनमा 'ज्ञान' को पोस्ट गर्छन् । अनि कमेन्ट गर्छन् उस्तै 'ज्ञानी' भएर । ती टिकटकमा पोस्ट गर्छन् । ती इन्स्टाग्राममा पोस्ट गर्छन् । ती अनलाइनमा पोस्ट गर्छन् । मानौं, ती गुरु हुन्, अनि उपदेश दिन्छन् । ती पण्डित्याईं गर्छन्, मानौं ती बेदव्यास हुन् । अनि तिनको ज्ञान देखेर मैले आफूलाई 'अज्ञानी' घोषणा गर्न बाध्य भएको छु ।

'ज्ञानी' हरुको बीचमा अज्ञानीको यो 'बडापत्र' ल्याटिन अमेरिकाका दुईवटा घटनासंग संबन्धित छ ।

२००३ देखि हालसम्म ३ पटक गरेर ११ वर्ष ब्राजिलमा शासन गरेका लुलाको पालमा के भएको थियो र हाम्रा एकथरी राजनीतिकर्मीहरु लुलाले ब्राजिलमा चौथो कार्यकालको लागि राष्ट्रपति चुनाव जित्दा यहाँ 'महोत्सव' गरे । सामाजिक सञ्जालमा लुलाको देवत्वकरण गरे । उनलाई महान भने । उनलाई अग्रगामी भने । उनलाई परिवर्तनकामी भने । भन्दा भन्दै उनलाई कम्युनिष्ट भन्न पनि भ्याए । उनको जीतलाई कतै रुशको अक्टोवर क्रान्तिसंग दाँजे, कतै चीनको सांस्कृतिक क्रान्तिसंग दाँजे । मानौं लुला उत्तरवर्ती मार्क्स हुन् । उत्तरवर्ती लेनिन हुन् । उत्तरवर्ती माओ हुन् । लुलाको जीतमा गौरवको सीमा रहेन हामी र हाम्राहरुलाई ।

त्यसो त भनेजुएलामा निकोलस मदुरो पटक पटक राष्ट्रपति चुनिँदा पनि यहाँ यस्तै उत्सव मनाउँथे हाम्रा 'अग्रगामीहरु' । मानौं मदुरो मार्क्स हुन् । मानौं मदुरो लेनिन हुन् । मानौं मदुरो माओ हुन् । तिनको दर्शन गरेपछि नेपाल 'लाल किल्ला' बन्छ । नेपालका मवयुनिष्टहरुलाई मलजल भएर तिनको 'उभार' आउँछ । नेपालमा क्रान्ति 'सफल' हुन्छ । नेपलको सामन्तवाद अन्त्य हुन्छ । 'भारतीय विस्तारवाद' र 'अमेरिकी साम्राज्यवाद' को समूल अन्त्य हुन्छ । मदुरो मक्का मदिनाका देवता हुन् ।

तर दर्भाग्य, उनै मदुरोको पालमा ३०० प्रतिशत मुद्रास्फिति भयो । आर्थिक रुपले देश मरणासन्न भयो । तैपनि हाम्राहरुले 'भेनेजुएला' भन्न छाडेनन् । यिनको भेनेजुएला मोह उखानमै स्थान्तरित भयो : 'बेला न कुबेला, भेनेजुएला' । अहिले मदुरो अमेरिकी कब्जामा छन् र भेनेजुएला अमेरिकाको एउटा 'स्टेट' बन्ने सम्भावना पनि बन्दै गएको छ । त्यो राजनीतिक मक्का मदिना ढलेको छ अहिले ।

यसरी हाम्राहरुको 'अज्ञानी मोह' पटकपटक देखिन्छ र यसपाली पनि ब्राजिलमा लुलाको जीतसंगै अर्को 'अज्ञानी मोह' पर्दामा उत्रिएको छ । लुइज इनासिनो लुला दी सिल्भा (लुला) ले यति लामो समय पटक पटक (यो चौथो पटक) कार्यकारी राष्ट्रपति भएर ब्राजिलको सत्ता सम्हाल्दा ब्राजिलको अर्थव्यवस्था उन्नत भयो त ? हामीले ग्रहण गर्न योग्य भयो त ? भेनेजुएलाको 'तिर्सना' यसले मेट्छ ? राजनीतिक मक्का मदिनाको तिर्सना यसले मेट्छ त ?

पटक्कै मेटदैन । तथ्यांकहरुले त्यो पुष्टि गरेका छैनन् । तथ्यांकले त लुलाको ११ वर्षे कार्यकाललाई 'निरासाजनक' भन्छ । अब हुने कार्यकाल पनि यस्तै समयरेखामा कुदिरहेको छ । उस्तै ।

लुलाले सामाजिक क्षेत्रमा खर्च बढाएर उत्पादनमूखी काममा अवरोध सिर्जना गरे । सरकारी खर्च अत्याधिक बढ्यो । पेन्सन, सामाजिक सुरक्षाभत्ता बढाइयो । ऋण तिर्न गारो भयो । लगानी बढेन । राष्ट्र ऋण बोक्नै नसक्नेगरी (जीडीपीको ९८ प्रतिशत) भएर बढ्यो । यो तथ्यांक सबैभन्दा खतरनाक हो ।

ब्राजिल अहिले जीडीपीको ८.९९ प्रतिशत रकम त ऋणको ब्याज मात्रै तिर्छ । ब्राजिल अहिले सार्वजनिक ऋण जीडीपीको ८२.९ प्रतिशत तिरिरहेको छ, र ब्याज दर पनि १३.७५ छ । हे भगवान, कसरी धान्छ देशले यस्तो आर्थिक संकटलाई?

सार्वजनिक खर्चलाई आर्थिक गतिविधि मान्ने (हाम्रा अर्थ न बर्थविद् डा. वागले पनि यही बाटामा हिँडन खोज्छन्) ब्राजिलको यो दर्शनले राजश्व बढ्ने कुरै भएन । गतिविधि न बढेको हो । खर्चमूखी (कम्युनिष्ट पढेकाहरुको साझा मन्त्र) अर्थव्यावस्थाले उत्पादकत्वमा ह्रास ल्याएको छ ।

त्यतिमात्रै होइन, लुलाको यो आर्थिक आदर्शले व्याजदर घटाउन नसकेर लगानी न्यून भएको छ । पैसा छ, लगानी छैन (नेपालको अहिलेको अवस्था जस्तै) । मुद्रास्फिति झन बढिरहेको छ । लुलाको कर प्रणाली 'उपभोक्ता कर सुधार' योजना २०२३ ले उत्पादनमा निराशा ल्याइरहेको छ । आर्थिक अनिश्चितता ल्याइरहेको छ । उत्पादकत्वको बृद्धिमा अवरोध गरिरहेको छ । नीजि क्षेत्र निरास छ । २०२१ मा ४ प्रतिशत जिडिपी भएको २०२३ देखि लुलाको तेस्रो पालामा आइपुग्दा २ मा झरेको थियो । अहिले चौथो पालमा आइपुग्दा पनि ३ हुनसकेको छैन ।

अर्कोतिर आफ्नै अगुवाइमा अमेरिकाको रिसले डलरको बिकल्प दिने भनेर सुरु गरेको 'ब्रिक्स' पनि एउटा आधिकारिक संरचना बनाउन नसकी मरणासन्न भएर बसेको छ । न त यसको आधिकारिक कार्यलय छ, न त यसको कुनै प्रभाव छ । शक्तिशाली भनिएका नेताहरु भेला हुन्छन्, बोल्छन्, जान्छन् । यत्ति हो । लुलाको यो योजना पनि काम लागिरहेको छैन । लुलाले भेनेजुएला जोगाउन सकेनन् । क्यूवा जोगाउन सकेनन् । कोलम्बिया जोगाउन सकेकनन् । आफै त महादेव भएपछि कसैको केही लाग्दो रहेनछ ।

सामाजिक सञ्जालमा लुलाको जीतलाई महान उपलब्धी ठान्ने ज्ञानी साथीहरुलाई दुई हात जोडेर यो अज्ञानीको तर्फबाट नमस्कार टक्र्याएँ ।

यो भन्दा अरु केही भन्ने आँट पनि छैन । बुद्धि पनि छैन । मेरो यो 'काम नलाग्ने ज्ञान' ले अखबारको आधा पृष्ट भरेछ नभन्नुहोला । किनभने यो समय अज्ञानीहरुको ज्ञान सुन्ने समय हो । माछाले उडन सिकाउने ज्ञानको समय हो । बाँदरले सिकार गर्न सिकाउने ज्ञानको समय हो ।

हामी सबै यही समयका ज्ञानी मान्छे रहेछौं ।

- दमक, झापा

पूर्वी नाका काँकडभिट्टाबाट भित्रिने विदेशी पर्यटक बढे

दमक/ नेपालको पूर्वी नाका काँकडभिट्टाबाट भित्रिने विदेशी पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको छ । भारतीय भूमि हुँदै नेपाल प्रवेश गर्ने विदेशी पर्यटकका लागि प्रमुख स्थल नाका काँकडभिट्टाबाट विशेषगरी भारत, बंगलादेश, भुटानलगायत तेस्रो मुलुकका पर्यटक नेपाल भ्रमणमा आउने गरेको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख तुलसी भट्टराईले जानकारी दिए ।

चालु आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा काँकडभिट्टा नाका हुँदै एक हजार १०६ जना विदेशी पर्यटक नेपाल भित्रिएको उनले बताए । उनका अनुसार साउनमा २८१, भदौमा २२० र असोजमा ६०५ जना विदेशी पर्यटक स्थलमार्ग हुँदै नेपाल प्रवेश गरेका छन् । तीन महिनामा भुटान, अमेरिका, अस्ट्रेलिया, बेलायत, बंगलादेशलगायत ५३ देशका पर्यटक काँकडभिट्टा नाका हुँदै नेपाल भित्रिएको भट्टराईले बताए । पर्यटक आगमनको विश्लेषण गर्दा दैनिक औसत १२ जना विदेशी पर्यटक यस नाकाबाट नेपाल प्रवेश गर्ने गरेका छन् ।

पर्यटकीय मौसम सुरु भएसँगै असोजमा दैनिक औसत १९ जना पर्यटक नेपाल भित्रिएको बताउँदै उनले सबैभन्दा धेरै पर्यटक भुटानबाट आएको जानकारी दिए । चालु आर्थिक वर्षको तीन महिनामा भुटानबाट ४७८, अमेरिकाबाट २४२, अस्ट्रेलियाबाट ४९, बेलायतबाट ४० र बंगलादेशबाट ३५ जना पर्यटक नेपाल प्रवेश गरेका छन् । अध्यागमन कार्यालय काँकडभिट्टाबाट पर्यटकका लागि विभिन्न प्रकारका भिसासमेत जारी हुने गरेको छ ।



भट्टराईका अनुसार उक्त अवधिमा ९९२ जनालाई पर्यटक भिसा, ७५ जनालाई नाता भिसा, आठ जनालाई वैवाहिक भिसा, १३ जनालाई गैरआवासीय भिसा र आठ जनालाई सार्क इन्डोर्समेन्ट भिसा जारी गरिएको छ । त्यसैगरी, चालु आर्थिक वर्षको तीन महिनामा काँकडभिट्टा नाका हुँदै ९८५ जना विदेशी नागरिक भारत गएको उनले बताए । उनका अनुसार साउनमा ३१८, भदौमा २३० र असोजमा ४३७ जना विदेशी नागरिक अध्यागमन प्रक्रिया पूरा गरी भारततर्फ गएका छन् ।

काँकडभिट्टा नाकाबाट नेपाल भित्रिने विदेशी पर्यटकको संख्या बढ्नुमा सरकारले यस क्षेत्रमा पर्यटन प्रहरीको व्यवस्था गर्नु पनि एउटा कारण रहेको भट्टराईको भनाइ छ । डेनमार्क, चीन, फ्रान्स, बेलायत, दक्षिण कोरिया, भारत, स्पेन, मलेसिया, जर्मनी, इटाली, स्विडेन, अस्ट्रेलिया, जापान, नेदरल्यान्ड, श्रीलंका, नर्वे, पाकिस्तान, सिंगापुर, थाइल्यान्ड र बेल्जियमलगायत मुलुकबाट हरेक वर्ष पर्यटक नेपाल घुम्न आउने गरेको उनले बताए ।

भारतका नागरिकलाई नेपाल प्रवेश गर्न भिसा आवश्यक नपर्ने भएकाले उनीहरुलाई तेस्रो मुलुकका पर्यटकसम्बन्धी तथ्यांकमा समावेश नगरिएको भट्टराईले जानकारी दिए । अध्यागमन कार्यालय काँकडभिट्टाले सन् २०२४ अगस्टदेखि पूर्ण रूपमा अध्यागमन सेवा सञ्चालन गर्दै आएको छ । उक्त सेवा प्रभावकारी बनेसँगै विदेशी पर्यटकको आगमन बढेको भट्टराईको भनाइ छ । उनका अनुसार असोजदेखि फागुनसम्म विदेशी पर्यटकको आगमन बढी हुने गरेको छ ।

अन्तर्राष्ट्रिय प्रचारप्रसार, पर्यटन सूचना केन्द्रको स्थापना र आकर्षक भ्रमण प्याकेज निर्माण गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्न सके विदेशी पर्यटकको संख्या अझ बढाउन सकिने उनले बताए । पूर्वी नेपालका पर्यटकीय गन्तव्यको अन्तर्राष्ट्रिय प्रचारप्रसार तथा सीमा नाकामै यातायात, होटल र भ्रमणसम्बन्धी सूचना उपलब्ध गराउन सके पर्यटक आगमन बढ्ने उनको भनाइ छ । विदेशी पर्यटकको आगमन बढ्दा होटल, यातायात, ट्राभल्स, हस्तकला तथा स्थानीय उत्पादनको बजार विस्तारमा समेत सहयोग पुग्ने र यसबाट कोशी प्रदेशको आर्थिक समृद्धिमा टेवा पुग्ने भट्टराईले बताए ।

स्वास्थ्य

विहान पनि टाउको भारी किन हुन्छ ?

दमक/ सात(आठ घण्टा सुतेपछि पनि ताजगी महसुस हुँदैन भने आफ्ना केही बानीप्रति सचेत हुनुपर्छ ।

लामो समयसम्म बसेर काम गर्ने, अत्यधिक समय मोबाइल तथा अन्य स्क्रिनमा बिताउने, शारीरिक गतिविधिबाट टाढा रहने र तनाव कम गर्न धूमपान वा मदिरा सेवन गर्ने बानीले यस्तो समस्या निम्त्याउन सक्छन् ।

आठ घण्टा निद्रा पूरा हुँदैमा बिहान उठ्दा शरीर फुर्तिलो र ताजा महसुस हुन्छ भन्ने छैन । हल्लाखल्ला हुने वातावरण, असहज ओछ्यान, अनियमित समयमा सुत्ने बानी, सुत्नुअघि क्याफिनयुक्त पदार्थ सेवन गर्ने, मोबाइल वा अन्य स्क्रिन हेर्ने तथा सुत्नुअघि नै कसरत गर्ने जस्ता कुराले निद्रामा बाधा पुऱ्याउन सक्छन् ।

त्यसैले यस्ता बानीबाट टाढा रहनुपर्छ, ताकि पर्याप्त समय सुत्नुका साथै गुणस्तरीय निद्रा पनि प्राप्त होस् ।

शरीरमा पानीको कमी त छैन ?

शरीरले लिनेभन्दा बढी तरल पदार्थ गुमाउँदा पानीको कमी हुन्छ । रातिको समयमा पनि शरीरमा पानीको कमी हुन सक्छ । धेरै पसिना आउनु, धेरै पिसाब लाग्नु, कुनै स्वास्थ्य समस्या भएमा शरीरमा पानीको मात्रा छिटो घटाउन सक्छ ।

पिसाबको रङ निकै हल्का पहेँलो वा लगभग सफा छ भने शरीरमा पर्याप्त पानी पुगेको संकेत हुन सक्छ ।

शरीरले पर्याप्त पोषण नपाउँदा दिनभरि हाई आउने वा ऊर्जाको कमी महसुस हुन सक्छ ।

विशेषगरी मिटामिन बी १२ र मिटामिन डीको कमीले थकान तथा कमजोरी महसुस हुन सक्छ ।

हरेक दिन कम्तीमा ३० मिनेटका दरले साताभा पाँच दिन, अर्थात् कुल १५० मिनेट व्यायाम गर्ने प्रयास गर्नुहोस् । योग र ध्यानलाई पनि आफ्नो दिनचर्यामा समावेश गर्न सकिन्छ ।

तनावको स्वस्थ व्यवस्थापन नहुनु पनि अर्को समस्या हो । तनावका कारण निद्रा कम लाग्न सक्छ वा निद्रा नै नलाग्ने समस्या हुन सक्छ । त्यसैले तनावलाई स्वस्थ तरिकाले व्यवस्थापन गर्नुपर्छ ।

बिहान उठेर हिँड्ने, सङ्गीत सुन्ने र आफूलाई मन पर्ने गतिविधिमा सहभागी हुने जस्ता उपाय उपयोगी हुन सक्छन् । यस्ता उपाय अपनाउँदा पनि तनाव कम भएन भने विशेषज्ञसँग परामर्श गरी उहाँले दिएको सुझाव पालना गर्नुहोस् ।

राति सुत्नुअघि एक घण्टा र बिहान उठेपछि एक घण्टासम्म मोबाइल वा अन्य स्क्रिन प्रयोग नगर्ने । तनाव कम गर्न आफूलाई मन पर्ने काम गर्ने । शारीरिक रूपमा सक्रिय रहने, नियमित कसरत र योग गर्ने ।

हराउँदै काठे रोटे पिडको परम्परा



इलाम/ कुनै समय दसैँ(तिहारको आगमनसँगै पूर्वी पहाडी गाउँबस्तीमा छुट्टै रौनक छाउँथ्यो । गाउँका चौतारी, खुला चौर र टोलटोलमा बाँस, काठ र डोरीको सहायताले बनाइने काठे रोटे पिङ तथा बाँसका लिङ्रे पिङले चाडपर्वको उत्साह थप्थे । बालबालिकादेखि वृद्धवृद्धासम्म पिङ खेल्न झुम्मिन्थे ।

तर, आधुनिक मनोरञ्जनका साधनको विस्तार र बदलिँदो जीवनशैलीसँगै दसैँ(तिहारको पहिचान बनेका यस्ता मौलिक परम्परा अहिले बिस्तारै हराउँदै जान थालेका छन् ।

कुनै समय दसैँ सुरु हुनासाथ इलामका गाउँगाउँमा युवाहरु मिलेर पिङ बनाउन जुट्थे । कसैले काठ खोज्थे, कसैले बाँस, डोरी र आवश्यक सामग्री जुटाउँथे त कसैले पिङ निर्माणमा सघाउँथे ।

गाउँलेको सामूहिक प्रयासबाट तयार भएको पिङमा बालबालिका, युवा र बूढापाका सबै पालैपालो मच्चिन्थे । पिङ खेल्ने बहानामा साथीभाइ, आफन्त र छिमेकीबीच भेटघाट हुन्थ्यो । यसले गाउँमा आत्मीयता र सामूहिकताको भावना बलियो बनाउँथ्यो ।

विशेषगरी काठबाट निर्माण गरिने रोटे पिङ पहाडी जनजीवनको मौलिक पहिचान थियो । यसको निर्माणमा आवश्यक काठको व्यवस्थापनदेखि पिङ तयार पार्नेसम्म गाउँलेको सामूहिक सहभागिता रहन्थ्यो । तर, अहिले त्यस्ता पिङ गाउँघरमा विरलै देखिन थालेका छन् ।

इलामको सन्दकपुर गाउँपालिका-इङ्लाका प्रकाश भट्टराईलाई बाल्यकालमा काठे रोटे पिङ खेलेको सम्झना अझै ताजा छ । उनका अनुसार दसैँमा इङ्लास्थित घरबाट आफन्तकोमा टीका लगाउन सुम्बेक जाँदा बाटोमा पर्ने सुलुबुङमा काठे रोटे पिङ खेल्ने गरेको अनुभव उहाँसँग छ ।

"बाल्यकालमा दसैँमा आफन्तकोमा टीका लगाउन जाँदा सुलुबुङमा काठे रोटे पिङ खेल्ने गर्थ्यौं । तर, अहिले करिब १० वर्ष भयो, त्यो ठाउँमा काठे रोटे पिङ देखेको छैन । त्यसअघि हरेक वर्ष पिङ लगाउने गरिन्थ्यो," उनले भने ।

भट्टराईका अनुसार पहिले दसैँ आउनुअघि नै गाउँका केही ठाउँमा काठे रोटे पिङ र अधिकांश ठाउँमा बाँसको लिङ्रे पिङ बनाउने चटारो सुरु हुन्थ्यो । पिङ तयार भएपछि गाउँभरिका बालबालिका, युवा र ज्येष्ठ नागरिक जम्मा भएर रमाइलो गर्थे ।

इलामको सोयाकका करिब ९० वर्षीय तारानिधि गौतमको सम्झना पनि उस्तै छ । उहाँका लागि दसैँ आएको अनुभूति नै गाउँमा पिङ देखेपछि हुन्थ्यो । "त्यतिबेला गाउँमा दसैँ आएको अनुभूति नै पिङ देखेपछि हुन्थ्यो । गाउँका सबै मानिस एक ठाउँमा भेला हुन्थे । पिङ खेल्ने, रमाइलो गर्ने र भेटघाट गर्ने चलन थियो । अहिले त गाउँमा पिङ देखिनै छाडे । पहिलेको त्यो रमाइलो सम्झँदा अहिले पनि मन आनन्दित हुन्छ," उनको भनाइ छ ।

इलामको गोलाखर्कका अर्का ज्येष्ठ नागरिक डिल्लीराम निरौलाका अनुसार पिङ गाउँको मनोरञ्जनको साधन मात्र थिएन, सामाजिक एकताको माध्यम पनि थियो । "हामी सानो हुँदा दसैँ आउनुअघि नै पिङ खेल्ने उत्साह हुन्थ्यो । गाउँका सबै मिलेर पिङ बनाउँथ्यौं । अहिलेका बालबालिकाले त्यस्तो अनुभव गर्न पाएका छैनन् । हाम्रा पालामा भएका यस्ता परम्परा नयाँ पुस्ताले पनि देख्न र सिक्न पाउनुपर्छ," उनले भने ।

पछिल्लो समय गाउँ घरबाट मानिसको बसाइँसराइ, युवापुस्ताको विदेश पलायन, परम्परागत सीपको अभाव र आधुनिक मनोरञ्जनका साधनको बढ्दो प्रयोगले काठे रोटे पिङ तथा बाँसको लिङ्रे पिङ निर्माण गर्ने चलन घट्दै गएको छ ।

कुनै समय दसैँ-तिहारको आगमनसँगै गाउँको आकर्षण बन्ने पिङ अहिले कतिपय ठाउँमा सम्झनामा मात्रै सीमित हुन थालेका छन् । पिङ निर्माण र खेल्ने परम्पराले गाउँलेबिच सहकार्य, सद्भाव र आत्मीयता बढाउने अवसरसमेत प्रदान गर्थ्यो ।

मौलिक सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय तह, सामाजिक संस्था, युवा क्लब र समुदायले चासो दिन आवश्यक रहेको जानकारहरु बताउँछन् ।



कविता



– श्याम लम्साल

ती सारङ्गीदाइ
ती सारङ्गीदाइ
हामीभन्दा जागा छन्,

गाउँबस्ती, पाखापखेरा
भञ्ज्याङ्, देउराली, खोला, खहरेहरु
तिनका बारेमा अनविज्ञ छैनन्,

भोको पेट कराएजसरी
रङ्रङ् बज्छ तिनको सारङ्गी
अन्तरात्मा भकान्निएर निस्केको आवाजजस्तै

धुन ओकल्ने मुहान् बन्छ
तिनको सारङ्गी बज्दा,
तिनको सारङ्गीको आवाज

र जिन्दगीको आवाज
उस्तै(उस्तै लाग्ने गर्छ
सुन्न जानियो भने ।

दिङ्ला, भोजपुर

मनोरञ्जन

अभिनेत्री निरुतालाई मानार्थ "मिसेस नेपाल वर्ल्ड"को उपाधि



दमक/ अभिनेत्री निरुता सिंहलाई मानार्थ 'मिसेस नेपाल वर्ल्ड २०२६'को उपाधिबाट सम्मानित गरिएको छ । रिबन इन्टरटेनमेन्ट प्रालिले 'मिसेस नेपाल वर्ल्ड २०२६'को कार्यक्रममा उनलाई उक्त उपाधि दिन लागिएको हो ।

नेपाली फिल्म क्षेत्रमा अभिनय कर्ममार्फत साढे तीन दशकभन्दा लामो समयदेखि योगदान पुऱ्याउँदै आएकी सिंह बहुप्रतिभाशाली अभिनेत्रीका रूपमा परिचित छिन् । सन् १९९३मा तुलसी घिमिरे निर्देशित फिल्म दक्षिणाबाट अभिनय यात्रा सुरू गरेकी सिंहले रहर, मितज्यू, दर्पणछायाँ, आफन्त, आँ नो मान्छे, दुलदाई, बन्धकी, चाँदनी, को आँ नो को विरानो, नाता रगतको, खानदान, दाल भात तरकारी र ३६ को आँकडालगायत दर्जनौं फिल्ममा अभिनय मार्फत नेपाली फिल्म क्षेत्रमा विशेष स्थान बनाएकी छन् ।

अभिनयसँगै गायनमा समेत रूचि राख्ने सिंहले नेपाल टेलिभिजनबाट प्रसारण भएको पारिवारिक धारावाहिक वंशको शीर्षगीतमा स्वर दिएकी छन् । उनले दीपशिखा नामक म्युजिक एल्बमका लागि पनि गीत गाएकी छन् ।

नेपाली फिल्म क्षेत्रमा उनले पुऱ्याएको योगदान, उपलब्धि र प्रेरणादायी व्यक्तित्वको उच्च कदर गर्दै उनलाई मानार्थ 'मिसेस नेपाल वर्ल्ड २०२६'को उपाधिबाट सम्मान गर्न लागिएको आयोजक रिबन इन्टरटेनमेन्ट प्रालिका प्रमुख कार्यकारी अधिकृत निशुकान्त झाले जानकारी दिए ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
झापाली ग्राहकहरुको भरोसामा
लगातार यस फर्मले केन्द्रले सर्व प्रकारका LED, TV, Online UPS इनभर्टर सर्भो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेस्टिङ्ग मेशिन सर्भो मोटर, फ्रिज, AC वासिङ मेशिन, कोंटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिदिन्छ ।
आफ्नो यहाँ अईट आनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तथा ग्राहकका आफ्नै सबै प्रकारका रिपोर्ट र इलेक्ट्रोनिक पार्टसहरु सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सर्व सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सर्भो प्रकारको सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

पुस्तक-साभार

सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

निष्ठाको राजनीतिक यात्रा

✍ कृष्ण धारावासी

क्रमागत.. नेपाली राष्ट्रिय कांग्रेसकालमै देशभित्र भएका विभिन्न आन्दोलनहरुमा संलग्न जनसहभागिताले बिस्तारै क्रान्तिका लागि आम मानसिकता तयार भइसकेको थियो । नयाँ पुस्तामा यो जोसले सबैभन्दा बढी ठाउँ पाएको थियो । शान्तिपूर्ण आन्दोलनभन्दा सशस्त्र क्रान्तिको बाटो नयाँ पुस्ताका लागि जोसिलो हुनु स्वाभाविक थियो। त्यसैले देश बाहिर मात्र होइन, देश भित्रमित्रै युवादस्ता तयार गर्ने र परिचालन गर्ने संयन्त्रको विकास भइरहेकै थियो । क्रान्तिका लागि स्वस्फूर्त युवापुस्ता पार्टीको सम्पर्कमा आइरहेको थियो । सेनामा माथिल्लो पदाधिकारी राणा पुत्रहरु भए तापनि तल्लो तहमा जनताकै छोराहरु रहेका हुँदा यो स्वाभाविक भएको थियो । साथै प्रजापरिषद् पाटी खुलेदेखि नै भित्रमित्रै हुर्किँदै गएको विद्रोहको चिचिलो दिनदिनै छिप्पिदै गइरहेको थियो ।

हतियारको व्यवस्था भइसके पछि क्रान्तिलाई औपचारिकता दिनु अघि त्यसको वैधानिकता आवश्यक थियो। क्रान्तिको नेतृत्व बी.पी. र सुवर्णले पाएका भए पनि त्यसलाई अनुमोदन गराउनु जरुरी थियो। प्रजातान्त्रिक पार्टी भएकाले कार्यकर्ताहरुको पूर्ण समर्थन लिन जरुरी हुन्छ । क्रान्तिमा गइसके पछि पार्टीका नियमित बैठक, निर्णय र अनुमोदनहरु गराइरहन सम्भव थिएन । त्यसैले क्रान्तिको लागि सर्वाधिकार नायकको आवश्यकता थियो, जसको कमाण्डमा क्रान्ति अघि बढ्ने वा रोकिने हुन्थ्यो । नत्र हतियार युद्ध अराजक भएमा त्यो प्रत्युत्पादक बन्ने सधैं खतरा रहन्छ । युद्धमा जानु अघि युद्धको नायक चयन हुने पर्ने हुनाले एक बृहद् कार्यकर्ता भेला बोलाइयो ।

सन् १९५० सेप्टेम्बर २७ र २८ गते नेपाल रौतहट जिल्लाको सीमा नजिकै रहेको भारतको वैरगनियाँ भन्ने ठाउँमा बृहद् सम्मेलनको आयोजना गरियो जसमा देशका विभिन्न ठाउँ र भारतमा रहेका अधिकांश कार्यकर्ताहरु उपस्थित थिए । वैरगनियाँ रेल्वे स्टेशनको छेउको एउटा राइस मिलको गोदाममा सम्पन्न भएको यो सम्मेलन नै नेपाली प्रजातान्त्रिक आन्दोलनको पछिल्लो महत्त्वपूर्ण निर्णायक सम्मेलन बन्यो। यो सम्मेलन हुनु अघि सेप्टेम्बर १५ को युगवाणी साप्ताहिकमा बी.पी. को 'हाम्रो अन्तिम लडाईं शीर्षकको लेख प्रकाशित भएको थियो । जसमा देशको तात्कालिक वस्तुस्थितिको चित्रण गर्दै, पार्टीमित्र उठेका सामान्य विवादहरुको जवाफ दिँदै अबका महत्त्वपूर्ण कार्यहरुलाई तीन बुँदामा समेटिएको थियो । उक्त लेख यस्तो थियो- हाम्रो अन्तिम लडाईं ।

नेपाली कांग्रेसले अब भर्‍हुँदै लडाईंको बिगुल फुक्दै छ । राणासरकारविरूद्धको अन्तिम मोर्चाका लागि विभिन्न स्थानीय, समिति बनाएर कार्यक्रमका साथ तयार रहन केन्द्रले आदेश दिइसकेको छ । दुश्मनको तागत के-कस्तो छ भन्ने जाँच्नका लागि छिटफुट लडाईं पनि लडियो। अनेकौं ठाउँमा प्रदर्शन भए र अनेकौं साथी जेल परे । स्याङ्जा, नुवाकोट, पर्सा, उदयपुरगढी इत्यादि ठाउँमा जनताले सरकारको अत्याचारको बहादुरीका साथ विरोध गरेर आँ नो राष्ट्रिय संस्था नेपाली कांग्रेसप्रति अविचलित भक्ति प्रदर्शित गरेका छन्। हामीले यस्ता स्थानीय आन्दोलन एवं प्रदर्शनबाट हाम्रो र शत्रुपक्ष दुबैको तागतको अनुमान पनि राम्रैसँग लगायौं । सरकारले आत्तिएर यस्ता सङ्घर्ष र प्रदर्शन भएका स्थानमा नितान्त बुद्धिहीन काम गयो। यसबाट सुसङ्गठित जनबलको प्रतिरोध गर्ने क्षमता अब सरकारमा छैन भन्ने प्रस्ट जाहेर हुन्छ । अब जनताले पनि सरकारको अन्तिम घडी आइसक्यो भन्ने राम्ररी बुझिसकेका छन्। अब जनसाधारणमा राणाशासनलाई अन्तिम धक्का दिएर समाप्त गर्नका लागि जनताको संस्था नेपाली कांग्रेसलाई अझै मजबुत बनाउनुपर्छ भन्ने भावना आइसकेको छ । अबउप्रान्त राणासरकारको अस्तित्वले निरन्तरता पाउने-नपाउनेमा उनीहरुको अत्याचार एवं दमनमै निर्भर छ । देशमा अब राणाशाहीलाई समर्थन गर्ने कुनै संस्था, वर्ग, जाति वा श्रेणी छैन । राणाहरु आजसम्म पल्टनमाथि भर परेर बसेका थिए, तर अब त्यो पल्टनतिर पनि कांग्रेसको सन्देश पुगिसकेको छ । कांग्रेस समस्त देशबासीसरह उनीहरुको पनि कल्याण चाहन्छ भन्ने फौजीभाइहरुले राम्ररी बुझिसकेका छन्। तसर्थ, ती फौजी भाइहरु पनि अहिले कांग्रेसप्रति श्रद्धाभाव राख्दछन्। अब राणासरकारलाई आँ नै सिपाहीमाथि पनि भरोसा छैन। यता, कांग्रेसको तागत पनि दिनप्रतिदिन बढ्दै छ। कांग्रेसीहरु सिपाहीलाई पनि आँ नो मित्र ठान्दछन् । तसर्थ, ऐनमौकामा कांग्रेसलाई सबैले साथ दिनेछन् । देशका तमाम रैती, किसान, मजदुर, सिपाही, कर्मचारी सबैजना धमाधम कांग्रेसको सदस्य बन्दै छन् र सबैजना कांग्रेसको आह्वानअनुसार राणा-शाहीलाई समाप्त गर्न तत्पर देखिन्छन् । अब यही वर्षभित्र राणा-शाही समाप्त हुन्छ भन्ने मेरो दृढ विश्वास छ । एउटा जिम्मेवार मानिसका रूपमा वस्तुस्थितिलाई पूर्णत अध्ययन गरेर मैले राणा-शाही यो वर्षभन्दा बढी टिक्न सक्दैन भनेको हुँ । क्रमशः...

प्रेरक भनाइहरु

- सपना साँचो हुनका लागि सपना देख्न जरूरी छ ।
- तपाईका महत्वकांक्षामाथि प्रहार गर्ने मान्छेदेखि टाढै बस्नुस्, कमजोर मान्छेहरू त्यस्तै गर्छन् । शक्तिशाली मान्छेहरू भने तपाईलाई पनि उनीहरू जस्तै बनाउन उत्प्रेरित गर्दछन् ।
- जसले समस्याको उपयोग गर्न सक्छ उसले महानतालाई छुन सक्छ ।
- हामी कसैले पनि भूतकाल बदल्न सक्दैन तर हामी सबैले आफ्नो भविष्य बदल्न सक्छौं ।
- साना कुरामा भरोसा गर्नेहरूले सानै कुरामा जिन्दगी दिन्छन्, ठूला कुरामा भरोसा गर्नेहरूले ठूलै कुराकोलागि जिन्दगी दिन्छन् ।
- असफलताका दुइ कारण छन् - एक, कसैको सल्लाह नमान्नु र अर्को सबैको सल्लाह मान्नु
- कामलाई भोलीको बाहानामा पन्छ्याउनु नै मानिसको सबैभन्दा ठूलो गल्ती हो ।
- सफलता त्यो जमिनमुनीको पानी हो जुन सय ठाँउमा एक मिटर खन्नाले मिल्दैन बल्की एक ठाँउमा सय मिटर खन्नाले मिल्दछ ।
- यो संसारलाई जान्नेहरूले भन्दा बेसी गर्नेहरूले उन्नत बनाएका हुन् ।
- तिम्रो डर गुरूत्वबल जस्तै हो जसले माथी चढ्न बाधा पुर्याउछ भने तल खस्न सहयोग ।
- जिन्दगी उनीहरूको बर्बाद हुने हो जसले उन्नत बनाउन कुनै प्रयाश गर्दैनन् ।
- प्रायः मानिसहरू यो भ्रममा बाचिरहेका हुन्छन् की सफलता संघर्षमा होइन भाग्यमा अडेकोवहुन्छ ।
- उज्यालोमा त सबैले साथ दिन खोज्छन, तर असल:साथी त्यो हो जसले अध्यारोमा पनि साथ दिन्छ ।
- प्रायः मानिसहरू टाकुरा चढ्ने सपना त देख्छन् तर घर; अगाडीको तगारो नाघी अघि बढ्ने हिम्मत गर्न सक्दैनन् ।

दैनिक राशिफल

आज मिति २०८३ साल कार्तिक १६ गते सोमबार
2 Nov. 2026
तिथि: अष्ठमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : चन्द्रायण नोड, सगरमाथा अञ्चल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

मेष	चु चे लो ला लि लँ ले लो अ विपरित लिंगीबाट सहयोग । सामान्य लाभ ।	कर्कट	चु चे लो ला लि लँ ले लो अ मित्रबाट सहयोग पढाईमा रुचि ।
तुला	हि हु हे हो डा डि डु डे डो उत्तम भोजन । आम्दानीमा केही बृद्धि ।	मकर	भो जा जी खि खु खे खो गा गी रोजगारीको अवसर । काम गर्ने हौसला बढ्ने ।
वृष	इ उ ए ओ वा वि वु वे वो किराना पसलबाट लाभ । आफन्तबाट सहयोग ।	सिंह	मा मि मु मे मो टा टि टु टे पराक्रमले धन लाभ । भाईबैनीसँग सामान्य विवाद ।	वृश्चिक	तो ना नि नँ ने नो या यि यु शरिरमा केही समस्या । अकस्मात सामान्य लाभ ।	कुम्भ	गँ गे गो सा सी सँ से सो द सरकार पक्षसँग विवाद । कार्यमा बाधा ।
मिथुन	का कि कु कु ङ घ के को कारोबारमा सामान्य लाभ । मनमा अशान्ति ।	कन्या	टो प पी पै ष ण ठ पे पो पढाईमा अल्छीपन आउने । सामान्य खर्च ।	धनु	य यो भा भी भ धा फा ढ काका दाजुबाट सहयोग । कारोबारमा सफलता ।	मीन	दि दु थ झ ञ ज दे दो चा ची आँशामा केही समस्या । अकस्मात केही धन लाभ ।

नगदे वाली अकबरे खुर्सानीमा रोगको प्रकोप



इलाम/ नगदे वाली अकबरे खुर्सानीमा रोगको प्रकोप बढेको छ । अकबरे खुर्सानीको बोट मर्न थालेपछि इलामका किसान चिन्तित बनेका छन् । मुख्य उत्पादन दिने सिजनमै बोट मर्न थालेपछि व्यावसायिक अकबरे खेती गर्दै आएका जिल्लाका किसान चिन्तित बनेका हुन् । बोट एकाएक पहेँलिने र मर्ने समस्या देखिएको माङसेबुङ गाउँपालिका-६ का किसान प्रदीप राईले बताए । अकबरे खुर्सानीमा फल लाग्न थालेसँगै पात पहेँलिने, हाँगा सुक्ने र पूरै बोट मर्ने समस्या देखिएको उनले बताए ।

राम्रो आम्दानीको अपेक्षा गरेका राईको अकबरे खुर्सानी बगानमा एकाएक रोग देखापरेको हो । उनले बारीमा लगाएका अधिकांश बोट मर्न थालेका छन् । सुरुमा बोट राम्रोसँग हुर्किए पनि उत्पादन सुरु भएसँगै पाक्ने बेलामा ङढ्ने, कुहिने र बोट मर्न थालेपछि आफू चिन्तित भएको उनले बताए ।

राईले विगत दुई वर्षदेखि व्यावसायिक अकबरे खुर्सानी खेती गर्दै आएका छन् । अघिल्लो वर्ष अकबरे खुर्सानी बेचेर रू तीन लाख ५० हजार आम्दानी गरेका उनले यस वर्ष आम्दानी अझ बढाउने उद्देश्यका साथ खेती विस्तार गरेका थिए । राईले यस वर्ष दुई रोपनी क्षेत्रफलमा एक हजार ८०० अकबरेका बिरूवा रोपेका थिए । तर एकाएक बोट मर्न थालेपछि लगानी नै नउठ्ने अवस्था आएको छ ।

प्रदीपजस्तै व्यावसायिक रूपमा खेती गरिरहेका त्यहाँका अन्य किसानले पनि यस्तै समस्या भोगिरहेका छन् । अर्का किसान जीवन राईका अनुसार खुर्सानीको फलमा ङढुवा लाग्ने, कीरा लाग्ने, बोट पहेँलो हुने र कुहिने समस्या देखिएको छ ।

मोरङको कानेपोखरीमा १३२ केभीको विद्युत सबस्टेसन सञ्चालनमा

मोरङ/ मोरङका उत्तर तथा दक्षिण पूर्वी क्षेत्रको विद्युत आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय र सुरक्षित बनाउन कानेपोखरी गाउँपालिका-२ मा निर्माण गरिएको १३२ केभी क्षमताको केरौन सबस्टेसन सञ्चालनमा आएको छ ।

नेपाल विद्युत प्राधिकरणले आइतबारबाट सबस्टेसन चार्ज गरी सञ्चालनमा ल्याएको हो । पूर्व-पश्चिम १३२ केभी प्रसारण लाइनअन्तर्गत दुहवी-दमक खण्डमा पर्ने केरौन सबस्टेसनलाई उक्त प्रसारण लाइनमा लुप इन तथा लुप आउट प्रणालीमार्फत जोडेर सबस्टेसन चार्ज गरिएको छ ।

केरौन सबस्टेसनमा १३२/३३ केभी, ६३ एमभीए क्षमताका दुईवटा र ३३/११ केभी, २२५ एमभीए क्षमताको एउटा पावर ट्रान्सफर्मर जडान गरिएको छ । समग्रमा सबस्टेसनको कुल क्षमता १४८५ एमभीए रहेको छ ।

केरौन सबस्टेसन सञ्चालनमा आएसँगै मोरङ तथा आसपासका क्षेत्रमा बढ्दो विद्युत माग व्यवस्थापन गर्न, वितरण प्रणालीको क्षमता अभिवृद्धि गर्न र उपभोक्तालाई गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउन महत्वपूर्ण योगदान पुग्ने नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठले बताए ।

सबस्टेसनबाट रङ्केली र विराटचोकतर्फ विद्युत आपूर्तिका लागि ३३ केभीका दुई/दुईवटा लाइन निर्माण गरिएको छ । ती लाइनहरुलाई पनि तिहारअघि चार्ज गरी सञ्चालनमा ल्याएर सम्बन्धित क्षेत्रमा विद्युत आपूर्ति सुरू गरिने छ । त्यसैगरी, स्थानीय क्षेत्रमा विद्युत वितरणका लागि सबस्टेसनबाट ११ केभीका पाँचवटा फिडर लाइनको व्यवस्था गरिएको छ । उक्त लाइनलाई पनि छिट्टै चार्ज गरी विद्युत आपूर्ति दिइनेछ ।

सबस्टेसनबाट विद्युत उपलब्ध गराउन सुरू भएपछि मोरङको कानेपोखरी, रङ्केली, विराटचोक, लेटाङ लगायतका आसपासका क्षेत्रमा विद्युत आपूर्ति थप भरपर्दो र गुणस्तरीय हुने अपेक्षा गरिएको छ । विशेषगरी लामो दूरीका ३३ केभी वितरण लाइनबाट विद्युत आपूर्ति भइरहेका क्षेत्रमा लाइनको दूरी घट्ने भएकाले न्यून भोल्टेज, छिनछिनमा विद्युत अवरूद्ध हुने (ट्रिपिङ) लगायतका समस्या न्यूनीकरण हुनेछन् ।

सबस्टेसनबाट विद्युत आपूर्ति सुरू भएपछि सम्बन्धित क्षेत्रमा ३३ केभी लाइनको दूरी घट्ने र आपूर्ति नजिकैबाट गर्न सकिने भएकाले भोल्टेजमा सुधार आउने, लाइन ट्रिपिङको समस्या कम हुने तथा आपूर्ति थप सुरक्षित र नियमित हुने अपेक्षा गरिएको छ । साथै, प्राविधिक चुहावट न्यूनीकरणमा समेत सहयोग पुग्नेछ ।

केरौन सबस्टेसन निर्माणका लागि २०७८ असारमा ठेक्का सम्झौता भएको थियो । करिब एक अर्ब रूपैयाँ अनुमानित लागत रहेको आयोजना नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको लगानी र एसियाली विकास बैंक (एडीबी)को सहुलियतपूर्ण ऋणमा निर्माण गरिएको हो ।

अन्तर्राष्ट्रिय

भारतमा फेरि प्रदर्शन

भारत/ मतदाता नामावलीमा संशोधनसँग सम्बन्धित विषयलाई लिएर भारतका प्रमुख निर्वाचन आयुक्तको राजीनामाको माग गर्दै आइतबार हजारौं मानिसले प्रदर्शन गरेका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारविरुद्ध गत एक महिनाभन्दा बढी समयदेखि विपक्षी दलहरुले विरोध प्रदर्शन जारी राखेका छन् ।

भारतीय कांग्रेसका नेता राहुल गान्धीको नेतृत्वमा जारी यस प्रदर्शनमा सहभागीहरुले मतदाता नामावलीमा संशोधन गरिँदा प्रधानमन्त्री मोदीको भारतीय जनता पार्टीलाई फाइदा पुऱ्याएको आरोप लगाएका छन् । विश्लेषकहरुका अनुसार सन् २०१४ मा सत्तामा आएयता मोदीका लागि यो विरोध प्रदर्शन र विपक्षीप्रति बढ्दो जनसमर्थन सबैभन्दा ठूलो संकट बनेको छ । यद्यपि सरकार हाललाई स्थिर छ र अर्को आम निर्वाचन सन् २०२९ मा मात्र हुनेछ ।

विपक्षी दलहरुको यस प्रदर्शनलाई मध्यनजर गर्दै अधिकारीहरुले सुरक्षा व्यवस्था कडा पार्नुका साथै यातायात मार्ग परिवर्तन गरेका थिए। मध्य दिल्लीबाट ऐतिहासिक रामलीला मैदानसम्म निकालिएको मार्चमा सयौं सुरक्षाकर्मीहरु लाठी, ढाल र दङ्गा नियन्त्रण गर्ने सवारी साधनसहित तैनाथ गरिएका थिए। राष्ट्रिय तथा पार्टीका झण्डा बोकेका हजारौं मानिसहरु खुला जीपमा सवार विपक्षी नेताहरुको नेतृत्वमा रामलीला मैदानतर्फ अगाडि बढेका थिए ।

खेलकुद

झापा महिला गोल्डकप मंसिर ५ देखि सुरु

दमक । दोस्रो संस्करणको झापा महिला गोल्डकपमा दर्शकका लागि नेपालमै पहिलोपटक रिङलक प्रविधिमा आधारित आधुनिक अस्थायी प्यारापिट निर्माण गरिएको छ । मंसिर ५ देखि १२ गतेसम्म झापाको दुधे रङ्गशालामा हुने प्रतियोगिताका लागि दुई हजार दर्शक क्षमताको प्यारापिट तयार पारिएको आयोजकले जनाएको छ ।

गोल्डकपलाई व्यवस्थित र आकर्षक बनाउन मैदानको पूर्वतर्फ उक्त प्यारापिट निर्माण गरिएको हो । ग्यालभनाइज्ड स्टिलका पाइप, रिङलक प्रणाली र प्लेटफर्म प्रयोग गरी बनाइएको संरचना आवश्यकताअनुसार जडान गर्न र प्रतियोगिता सकिएपछि फुकालेर अन्यत्र लैजान सकिने आयोजकको भनाइ छ ।

झापा महिला गोल्डकपका अध्यक्ष सन्तोष थोप्राका अनुसार प्यारापिट छ तहको हुनेछ । यसमा प्रयोग हुने ६ गुणा ४ फिटको एउटा प्लेटफर्मले दुई हजार किलोग्रामसम्म भार थाम्न सक्ने आयोजकको दाबी छ ।

संरचनामा इन्जिनियरिङ डिजाइन, भार परीक्षण, रेलिङ, भन्याङ, आपत्कालीन निकास तथा सुरक्षा प्रमाणीकरणको व्यवस्था गरिएको अध्यक्ष थोप्राले बताए ।

रङ्गशालाको पश्चिमतर्फ स्थायी प्यारापिट छ भने पूर्वतर्फ रिङलक प्रविधिको आधुनिक प्यारापिट निर्माण गरिएको छ । उत्तर र दक्षिणतर्फ बाँसका अस्थायी प्यारापिटसमेत निर्माण गर्ने तयारी आयोजकको छ ।

प्रतियोगितामा नेपाल, भारत र भुटानका आठ टोली सहभागी हुनेछन् । गोल्डकपको विजेताले ११ लाख रूपैयाँ र उपविजेताले पाँच लाख ५० हजार रूपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

कोशीमा.... त्यसै गरी ताप्लेजुङका ९ वटा आयोजनाबाट ९८५ मेगावाट, पाँचथरका ४ आयोजनाबाट ७१९ मेगावाट, ओखलढुंगाका ५ आयोजनाबाट ६५.१ मेगावाट, भोजपुरका ४ आयोजनाबाट ३१९ मेगावाट, तेह्रथुमका २ आयोजनाबाट १२.३ मेगावाट र खोटाङका २ आयोजनाबाट १०.२ मेगावाट विद्युत् उत्पादन भइरहेको छ । जिल्लागत उत्पादन अवस्थालाई हेर्दा सोलुखुम्बु जिल्ला कोशी प्रदेशमै सबैभन्दा अगाडि देखिएको छ, जहाँ सञ्चालित १० वटा आयोजनाबाट सर्वाधिक ३४९.८ मेगावाट विद्युत् उत्पादन भइरहेको छ ।


झापामा.... नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेले संगठन चलायमान बनाउन टोल र वडाकेन्द्रित कार्यक्रमलाई प्राथमिकता दिन सबै तहका नेता-कार्यकर्तालाई आग्रह गरेका छन् ।

नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले पार्टी संगठनका गतिविधिलाई सामाजिक सेवासँग जोड्नुपर्नेमा जोड दिदै कसैसँग वैमनस्यता नराखी टुटेका मनलाई पनि जोड्नुपर्ने धारणा राखे ।

नेपाली कांग्रेस झापाका पूर्व प्रवक्ता लोकराज ढकालले राजनीति पेशा नभई सेवा भएको चर्चा गर्दै राजनीति र समाजलाई जोड्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेस मोरङका नेता एवं पूर्व प्रदेश मन्त्री मानबहादुर लिम्बु, नेपाली कांग्रेस झापाका कोषाध्यक्ष जलकुमार गुरुङ, महाधिवेशन प्रतिनिधिहरु छत्रबहादुर गिरी, दीपक तामाङ, भोजराज सिटौला, वितामोड नगर सभापति कुलप्रसाद संग्रौला लगायतले मन्तव्य राखेका छन् ।

कार्यक्रममा गत असोज १० र ११ गते सम्पन्न महाधिवेशनबाट निर्वाचित पदाधिकारी/सदस्यलाई पद हस्तान्तरण गराइएको थियो ।



हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दुर पाकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

बिमा पोलिसी हराएको सूचना

गुर्रांस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारी गरिएको मेरो नामको ०२३०००३०४४ नं.को बिमालेख हराएको हुँदा प्रतिलिपि बिमालेख पाउनका लागि निवेदन प्राप्त भए बमोजिम सूचना प्रकाशित गरिएको छ ।

कुशुम कुमार श्रेष्ठ
शिवसताक्षी नपा-५
झापा

स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।
त्यसैले,
- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मादिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
घजाटमा
झापाली इटा
झापाली इटा
ढलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७४-०१-१२ मा दर्ता भएको इजर क्याफे प्राइभेट लिमिटेड (प्रा.लि.नं. १६७५१५) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

पत्रकार..... त्यस्तै, राष्ट्रिय मानव अधिकार आयोगसमेत मौन, निष्क्रिय र औपचारिकतामै सीमित भएको भन्दै फ्रन्टले खेद व्यक्त गरेको छ । सत्ता र प्रतिपक्ष दुवै पक्षका दलहरुले यस घटनाप्रति स्पष्ट अडान सार्वजनिक गरी गृहमन्त्री तथा प्रहरी नेतृत्वको जवाफदेहिताका लागि संयुक्त रुपमा दबाब सिर्जना गर्नुपर्ने, प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सहभागितामा संसदीय छानबिन समिति गठन गरी प्रधानमन्त्रीका सचिवालयका कर्मचारी, गृहमन्त्री, आईजीपी र जिम्मेवार प्रहरी अधिकारीलाई बोलाएर तत्काल स्पष्टीकरण लिनुपर्ने माग फ्रन्टको छ ।

गाँजा..... रुपमा स्वीकार नगरेको उल्लेख गर्दै यस विषयमा सामाजिक, आर्थिक र सांस्कृतिक पक्षसमेत विचार गरेर छुट्टै नीतिगत तथा कानुनी निर्णय गर्नुपर्ने बताएको छ ।

यसका लागि सम्बन्धित विज्ञ तथा सरोकारवालासँग व्यापक छलफल र परामर्श गरी कानुनी व्यवस्था संशोधन वा परिमार्जन गर्न सरकारले पहल गर्नुपर्ने अदालतको सुझाव छ ।

सर्वोच्चले गाँजाको खेती र उत्पादनसम्बन्धी कानुनी व्यवस्था निर्माण गर्नु व्यवस्थापिकाको नीतिगत क्षेत्राधिकारभित्र पर्ने विषय भए पनि विद्यमान ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली र कार्यविधि नबनाउनु सरकारको निष्क्रियता भएको ठहर गरेको छ ।

यसै आधारमा अदालतले गाँजाको नियन्त्रित खेती तथा उत्पादनको व्यवस्था मिलाउन सरकारका नाममा परमादेश जारी गरेको हो ।

फैसलाले गाँजा खेतीलाई तत्काल सबै प्रयोजनका लागि खुला गरेको नभई औषधीय, वैज्ञानिक अनुसन्धान, कृषि तथा औद्योगिक प्रयोजनका लागि नियमनसहित खेती र उत्पादन गर्न सकिने कानुनी ढोका खोलेको छ ।

अब यसको कार्यान्वयनका लागि आवश्यक नियमावली, मापदण्ड र अनुमतिपत्रको व्यवस्था गर्ने जिम्मेवारी सरकारको हुनेछ । सर्वोच्चले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ मा गाँजाको खेती, उत्पादन, तयारी, खरिद, बिक्री वितरण, ओसारपसार, सञ्चय र सेवन निषेध गरिएको भए पनि सोही ऐनको समग्र संरचनाले नियन्त्रित प्रयोगको सम्भावना बन्द नगरेको व्याख्या गरेको छ ।

अदालतका अनुसार ऐनको दफा ४ को प्रतिबन्धात्मक व्यवस्थाले प्राकृतिक रुपमा उम्रिने जङ्गली गाँजाबाट चरेस उत्पादन, संकलन, सञ्चय र बिक्रीवितरणका लागि सरकारले अनुमति दिने व्यवस्था गर्न सक्ने आधार दिएको छ । त्यस्तै, औषधीय तथा वैज्ञानिक अनुसन्धानका लागि गाँजाको खेती, उत्पादन र निकासी पैठारी गर्न सकिने व्यवस्था पनि ऐनमा रहेको अदालतको व्याख्या छ ।

फैसलामा गाँजालाई अन्य लागू पदार्थसरह एउटै दृष्टिकोणबाट हेर्न नमिल्ने उल्लेख छ । ऐनले गाँजालाई अफिम, कोका र अन्य लागू औषधमन्दा अलग प्रकृतिको रुपमा व्यवहार गरेको तथा पछिल्ला संशोधनले गाँजाजन्य गतिविधिलाई अन्य लागू पदार्थको तुलनामा कम गम्भीर कसुरका रुपमा वर्गीकरण गरेको अदालतको निष्कर्ष छ ।

अदालतले गाँजाको खेतीलाई निरपेक्ष रुपमा निषेध गर्नु र अनुमतिपत्र तथा नियमनको आधारमा खेती गर्न दिनु फरक कानुनी अवस्था भएको स्पष्ट पारेको छ । राज्यले आवश्यक निगरानी र नियन्त्रणको व्यवस्था गरेर यसको उत्पादन तथा प्रयोग व्यवस्थित गर्न सक्ने फैसलाको आशय छ ।

अन्तर्राष्ट्रिय महासन्धिले पनि खेतीको बाटो बन्द गरेको छैन

नेपाल सन् १९६१ को लागू औषधसम्बन्धी एकल महासन्धिको पक्ष राष्ट्र भए पनि उक्त महासन्धिले गाँजाको खेतीलाई सबै प्रयोजनका लागि पूर्ण रुपमा निषेध नगरेको सर्वोच्चको ठहर छ ।

महासन्धिको धारा २८ ले औषधीय तथा वैज्ञानिक प्रयोजनबाहेक औद्योगिक र बागवानी प्रयोजनका लागि गाँजा खेती गर्न सकिने विशेष व्यवस्था गरेको छ । यस्तो खेतीमा दुरुपयोग र अवैध कारोबार रोक्न उपयुक्त नियन्त्रण प्रणाली लागू गर्नुपर्ने महासन्धिको व्यवस्था रहेको अदालतले उल्लेख गरेको छ ।

नेपालले महासन्धिमा गाँजाको गैरऔषधीय प्रयोग तथा उत्पादनसम्बन्धी केही विषयमा आरक्षण राखेको भए पनि औद्योगिक र कृषि प्रयोजनका लागि नियन्त्रित खेती गर्ने सम्भावना बन्द नभएको अदालतको व्याख्या छ ।

महासन्धिको व्यवस्थाअनुसार सरकारले अनुमति दिने निकाय तोक्ने, खेती हुने क्षेत्र र जग्गाको कित्ता निर्धारण गर्ने, इजाजतपत्र दिने तथा उत्पादन र कारोबारको निगरानी गर्ने व्यवस्था बनाउन सक्ने फैसलामा उल्लेख छ । अदालतले उरुग्वे, क्यानडा, न्युजिल्यान्ड र अमेरिकाका विभिन्न राज्यलगायतका मुलुकमा गाँजाको खेती तथा प्रयोगलाई नियमनसहित कानुनी दायरामा ल्याइएका अभ्यासलाई अध्ययन गरेको छ । ती अभ्यासबाट गाँजालाई नियमन र नियन्त्रणको दायरामित्र राखेर यसको औषधीय, औद्योगिक तथा अन्य उपयोग गर्न सकिने देखिएको फैसलामा उल्लेख छ ।

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५६०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com